श्री भरत कुमार थापा
नगर प्रमुख

ऐन नं. १०
प्रमाणित गर्ने
श्री भरत कुमार थापा
नगर प्रमुख
प्रमाणित मिति :२०७५।०१।१०

# रकेट चुलो अनुदान कार्यक्रम सञ्चालन कार्यविधि , २०७५

नगर सभाबाट स्वीकृत मिति :२०७५।०१।०६

आ.व. २०७५।७६ को स्वीकृत विनियोजित बजेट अन्तर्गत बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम ( सुधारिएको चुलो सहित) सञ्चालन गर्न निश्चित विधि र प्रकृया आवश्यक भएकोले बागमती नगरपालिकाको नगरसभाबाट यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "रकेट चुलो अनुदान कार्यक्रम सञ्चालन कार्यविधि , २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले बागमती नगरपालिका सम्झनु पर्दछ ।

(ख) "नगरसभा" भन्नाले बागमती नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले बागमती नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ ।

(घ) "नगरप्रमुख " भन्नाले बागमती नगरपालिकाको नगरप्रमुख सम्झनु पर्दछ ।

(ङ.) "उप्रमुख " भन्नाले बागमती नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।



भरत कुमार थापा
नगर प्रमुख

श्री भरत कुमार थापा
नगर प्रमुख

(च) "केन्द्र" भन्नाले नेपाल सरकार , उर्जा तथा जलस्रोत मन्त्रालय वैकल्पिक उर्जा केन्द्र सम्झनु पर्दछ ।

(छ) " नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३" भन्नाले केन्द्रको नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ सम्झनु पर्दछ ।

(ज) "वडा कार्यालय" भन्नाले नगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(झ) " रकेट चुलो " भन्नाले घरायसी क्षेत्रमा खाना पकाउने प्रयोजनको लागि पुर्ण वा आंशिक रुपमा रकेटको शिद्धान्तमा आधारित फलामे पाताबाट बनेको एक वा दुई मुखे किफायती चुलो सम्झनु पर्दछ ।

ञ) " चुलो " भन्नाले रकेट चुलो भन्ने सम्झनु पर्ने छ ।

ट) " उपभोक्ता " भन्नाले चुलो प्राप्त गर्न योग्य लाभाग्राही घर धुरी सम्झनु पर्ने छ ।

ठ) " कम्पनी " भन्नाले चुलो उपलब्ध गराउन योग्यता प्राप्त केन्द्रमा सुचिकृत प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झानु पर्नेछ ।

ड) " निर्देशन समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित समति सम्झनु पर्दछ ।

## परिच्छेद १
## अनुदान परिचालन तरिका

३) अनुदान परिचालन गर्ने तरिका देहाय बमोजिम रहनेछ :

१) कम्पनी छनौट गर्न उपभोक्ता स्वतन्त्र रहने छन् ।

२) उपभोक्ताले कम्पनीबाट प्राप्त गरेको रकेट चुलो प्राप्त गरेको भर्पाइ प्रमाणित गर्नु पर्ने छ ।

३) उभोक्ताले रकेट चुलो प्राप्त गरेको भर्पाइको आधारमा प्रति घर एक रकेट चुलोको निर्देशन समितिले निर्देशन गरे बमोजिमको कुल लागतको १५ प्रतिशत रकम अनुदान वापत सम्बन्धित कम्पनीलाई नगरपालिकाले उपलब्ध गराउने छ ।

४)सम्बन्धित कम्पनीले बांकी अनुदान रकम नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ मा व्यवस्था भएका प्रवधानहरु पालना गरी बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा दावी गरेमा नगर प्रमुखले सिफारिश गर्न सक्ने छ ।



भरत कुमार थापा
नगर प्रमुख

श्री भरत कुमार थापा
नगर प्रमुख

५) सम्बन्धित कम्पनीले अनुदान दावी गर्दा तपिशिल बमोजिम अनुसुची १ मा उल्लेखित अनुदान दावी सम्वन्धी निवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्ने छ ।

६) अनुसुची १ मा उल्लेखित अनुदान दावी सम्बन्धी निवेदन प्राप्त भए पछि सम्बन्धित वडा समितिको बैठक वसी आवश्यक कागजात केलाइ अनुदान रकम किटान गरि निर्देशन समिति समक्ष सिफाशि गर्नु पर्ने छ । त्यसरी सिफारिश गर्दा वडा कार्यालयमा पेश भएका सम्पुर्ण कागजात सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरि अनुसुची २ बमोजिम सिफारिश साथ पेश गर्नु पर्ने छ ।

७) सम्बन्धित कम्पनीले प्राप्त गर्ने अनुदान रकम तपशिल बमोजिम हुने छ :

| सि.न. | अनुदान उपलब्ध गराउने निकाय | प्रतिशत |
|---|---|---|
| १. | नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ बमोजिम (केन्द्र) | कुल लागतको ५० ( पचास) प्रतिशत |
| २. | नगरपालिका | कुल लागतको १५( पन्ध्र) प्रतिशत |

८) सम्बन्धित कम्पनीले अनुदान रकम दावी गर्दा देहायको कागजात पेश गर्नु पर्ने छ :

क) उपभोक्ताले चुलो बुझेको भर्पाई
ख) चुलोको गुणस्तर र वारेण्टी प्रमाणपत्र
ग) केन्द्रमा सुचिकृत कागजात तथा सम्झौता पत्र
घ) केन्द्रले निर्धारण गरेको सन्दर्भ मुल्य सूचिको कागजात
ङ.) अनुदान दावी गर्ने अनुसुची १ बमोजिमको निवेदन

## परिच्छेद ३
## निर्देशन समिति सम्बन्धी व्यवस्था

४) निर्देशन समिति : १) सम्बन्धित कम्पनीले दावी गरेको नगरपालिकाले व्यहोर्ने अनुदान वापतको रकम भुक्तानी गर्न तपशिलको एक अनुदान निर्देशन समिति रहने छ :

क) नगर प्रमुख : संयोजक
ख) उपप्रमुख : सदस्य
ग) सम्बन्धित वडाको वडा अध्यक्षहरु : सदस्य



भरत कुमार थापा
नगर प्रमुख

श्री भरत कुमार थापा
नगर प्रमुख

घ) नगरप्रमुखले तोकेको नगरकार्यपालिका सदस्य : सदस्य सचिव

५) निर्देशन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम रहनेछ ।

क) सम्बन्धित कम्पनीको दावी प्रमाणको सत्य तथ्य पत्ता लगाउने ।

ख) सत्य तथ्यको आधारमा नगरपालिकाको तर्फबाट सम्बन्धित कम्पनीलाई अनुदान वापतको रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने ।

ग) कुनै पनि समयमा यस कार्यक्रमको अनुगमन गर्ने ।

घ) रकेट चुलो उपलब्ध नगराई अनुदान रकम दावी गरेको पाइएमा दावी गरेको वा उपलब्ध गराइएको रकमको २०० प्रतिशत रकम सम्बन्धित कम्पनीबाट जरिवाना असुल उपर गर्न निर्देशन दिने ।

ड.) निर्देशन समितिले दिएको निर्देशन पालना गर्नु प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको कर्तब्य हुने छ ।

च) निर्देशन समितिले अनुदान वापत नगरपालिकाबाट भुक्तानी गर्न निर्देशन दिदा कुल लागत मूल्यको १५ प्रतिशत हुने छ । चुलोको लागत मुल्य केन्द्रको मुल्य सन्दर्भ सूची भन्दा बढी हुने छैन।

परिच्छेद

विविध

६) चुलोको अधिकतम मुल्य : रकेट चुलोको अधिकतम मुल्य केन्द्रले प्रकाशित गरेको मुल्य सन्दर्भ सुची भन्दा बढी हुने छैन् ।

७) चुलोको गुणस्तर : केन्द्रले निर्धारण गरेकी गुणस्तर बमोजिम हुनु पर्ने छ

८) वील जारी गर्नु पर्ने : सम्बन्धित कम्पनी आफुले वितरण गरेको कुल चुलो संख्याको कुल लागत मूल्यको नगरपालिकाबाट प्राप्त गर्ने १५ प्रतिशत वरारको वील सम्बन्धित वडाका उपभोक्ताहरूको नाममा एकमुष्ट जारी गर्न सक्नेछ । निर्देशन समितिले भुक्तानीको लागि निर्देशन दिंदा बर्दामा ५ ( पांच) प्रतिशत रकम सम्बन्धित कम्पनीको नाममा चुलो वितरण गरेको वढीमा १( एक) वर्ष सम्म नगरपालिकाको धरौटी खातामा राख्न वा सो वरार रकम भुक्तानी रोक्का राख्न निर्देशन दिन सक्ने छ ।



भरत कुमार थापा
नगर प्रमुख

श्री भरत कुमार थापा
नगर प्रमुख

९) कर ति र्न सम्वन्धित कम्पनी जिम्मेवार हुने : कम्पनीले कानून बमोजिमको कर तिर्नु पर्ने छ। कर नतिरे मा सम्वन्धित कम्पनी जिम्मेवार हुने छ।

१०) कम्पनीले सम्फौता गर्नु पर्ने : कम्पनीले बैकल्पिक उर्जा केन्द्रले निर्धारण गरे बमोजिम उपभोक्ता संग सम्फौता गर्नु पर्ने छ।

११) बाधा अडकाउ फुकाउ : यस कार्यविधिको पालनामा कुनै बाधा अडकाउ भए निर्देशन समितिले बाधा अड्काउ फुकाउने छ।

१२) विवि :

१) २०७ भाद्र महिना देखि उपभोक्ताले प्राप्त गरेको चुलोको हकमा यो कार्यविधि लागु हुने छ।

२) कम्पनीलाई अनुदान वापतको रकम उपलब्ध गराउने नगराउने सम्बन्धमा निर्णय र निर्देशन गर्ने अधिकार निर्देशन समितिमा निहित रहनें छ।

३) नविकरणीय उर्जा अनुदान कार्यविधि,२०७३ यस कार्यविधिको ब्यख्याको मुल शिद्धान्तको रुपमा रहने छ।

४) यस कार्यविधि यस प्रयोजनको लागि ऐन सरह मान्य हुने छ।

५) आ.व. २०७५।७६ को यथार्थ बजेट रकम अपार्यप्त भइ अनुदान वापतको रकम नगरपालिकाबाट कम्पनीको नाममा उपलब्ध हुन नसकेमा आगामी आ.व.( २०७६।७७) को बजेटमा समावेश गरी उपलब्ध गराउन बाधा पर्ने छैन्।



भरत कुमार थापा
नगर प्रमुख

श्री भरत कुमार थापा
नगर प्रमुख

अनुसुची १
अनुदान दावी सम्बन्धी निवेदन

मिति :

विषय : अनुदान रकमको लागि सिफारिश गरी दिन हुन ।

श्री ...................वडा कार्यालय
बागमती नगरपालिका
.......................सर्लाही ।

केन्द्रमा सुचीकृत यस कम्पनीबाट त्यस वडा अन्तर्गतका संलग्न उपभोक्तालाई विभिन्न मितिमा गरी जम्मा ........ थान रकेट चुलो वितरण गरेको हुंदा सो वापत प्रति एकाइ मुल्य मुल्य अभिबृद्धि कर सहित...................रहेको र यस कम्पनीले वितरण गरेको कुल मुल्य ..................वरावरको रकममा १५ प्रतिशत रकम यस कम्पनीको नाममा अनुदान वापत उपलब्ध गराई दिन निर्देशन समिति समक्ष सिरफारिश गरि दिन हुन अनुरोध छ ।

| |
|---|
| १)कार्यक्रमको नाम : |
| २)वितरित चुलो संख्या : |
| ३)प्रति इकाई चुलोको मुल्य : |
| ४)चुलोको जम्मा मुल्य : |
| ५)केन्द्रको अनुदान( ५० प्रशित) : |
| ६) नगरपालिकाको अनुदान ( १५ प्रशित) : |

माथि उल्लेखित अनुदान वापतको रकम दोहोरो पर्ने गरि भुक्तानी लिइने छैन् । अनुगमन गर्दा चुलो उपलब्ध नभएको पाइएमा र वितरित चुलो भन्दा वढी भुक्तानी लिएको र केन्द्रले निर्धारण गरेको अधिकतम मुल्य सुची भन्दा वढी मुल्य कायम गरेको छैन् , कुनै कारणवस यस निवेदनमा उल्लेखित विवरण भन्दा फरक पर्न गएमा यस कम्पनी जिम्मेवार हुने छ ।

दस्तखत



भरत कुमार थापा
नगर प्रमुख

श्री भरत कुमार थापा
नगर प्रमुख

## अनुसूची २
## अनुदान रकम सिफारिश फाराम

विषय : अनुदान रकमको लागि सिफारिश गरीएको बारे ।

श्री निर्देश  ाति
बागमती  ालिका ।
..................सर्लाही ।

यस वडा अन्तर्गतका उपभोक्ताहरुले आफै स्वतन्त्ररुपमा कम्पनी छनौट गरी केन्द्रमा  ...................................................... कम्पनीबाट विभिन्न मितिमा गरी जम्मा ..........  ान रकेट प्राप्त गरेका हुंदा र सो वापत प्रति एकाई मुल्य मुल्य अभिबृद्धि कर सहित....  ......रहेको र वितरण गरेको कुल मुल्य...................वरावरको रकममा १५ प्रतिशत  अनुदान वापत ........................................................उपलब्ध गराई दिन निर्देशन  समक्ष सिरफारिश गरिएको व्यहोरा अनुरोध छ ।

| |
|---|
| १)कार्यक  म : |
| २)वितरि  संख्या : |
| ३)प्रति  लोको मुल्य : |
| ४)चुलोक  मुल्य : |
| ५)केन्द्र  न( ५० प्रशित) : |
| ६) नगर  अनुदान ( १५ प्रशित) : |

दस्तखत
वडा अध्यक्ष



भरत कुमार था
नगर प्रमुख